बोदेबरसाईन नगरपालिका सप्तरी

# स्थानीय राजपत्र

खण्डः ७ संख्या ८

**भाग-२**

बोदेबरसाईन नगरपालिका

कार्यपालिका निर्णय मितिः २०८१/०९/१२

राजपत्र प्रकाशन मितिः २०८१/९/१४

## स्थानीय सेवाको कर्मचारीको तह/स्तर वृद्धि सम्बन्धी कार्यविधि, २०८१

आज्ञाले,

नामः विष्णु यादब

प्रमुख प्रशासकिय अधिकृत

# स्थानीय सेवाको कर्मचारीको तह/स्तर वृद्धि सम्बन्धी कार्यविधि, २०८१

**प्रस्तावना:** मधेश प्रदेश सरकारबाट जारी भएको स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०८१ मा रहेको तह/स्तर वृद्धि सम्बन्धी प्रावधानलाई व्यवस्थित गरी कार्यन्वयन गर्न बाञ्छनीय भएकोले स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०८१ को दफा १५४ र १५५ ले दिएको अधिकार प्रयोग गरी मिति २०८१/९/१२ गतेको बोदेबर्साइन नगरपालिका नगर कार्यपालिकाले स्वीकृत गरी यो कार्यविधि जारी गरेको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यो कार्यविधिको नाम "कर्मचारी तह/स्तर वृद्धि सम्बनधी कार्यविधि, २०८१" रहेको छ ।

(२) प्रारम्भः यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषाः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा -

क. "ऐन" भन्नाले मधेश प्रदेशबाट जारी भएको "स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन २०८१" सम्झनु पर्छ ।

ख. "कार्यविधि" भन्नाले "बोदेबर्साइन नगरपालिकाको कर्मचारी तह/स्तर वृद्धि सम्बन्धी कार्यविधि २०८१" लाई सम्झनु पर्दछ ।

ग. "प्रदेश" भन्नाले मधेश प्रदेश सम्झनु पर्छ ।

घ. "कार्यालय/नगरपालिका" भन्नाले बोदेबर्साइन नगरपालिकालाई सम्झनु पर्दछ ।

ङ. "कार्यपालिका" भन्नाले बोदेबर्साइन नगरपालिका नगर कार्यपालिकालाई सम्झनु पर्दछ ।

च. "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले बोदेबर्साइन नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्दछ ।

छ. "कर्मचारी" भन्नाले कर्मचारी समायोजन ऐन २०७५ बमोविम समायोजन भई आएका, विभिन्न विकास समितिबाट समायोजन भई आएका तथा कर्मचारी समायोजन ऐन २०७५ बमोजिम संघीय लोक सेवा आयोगबाट सिफारिस भई नियुक्ति लिई आएका र साविक स्थानीय निकाय वा अन्य सेवाबाट स्थायी नियुक्ति पाई कामकाज गरिरहेका कर्मचारीलाई सम्झनुपर्छ ।

ज."तह/स्तर वृद्धि" भन्नाले ऐनको दफा ४, दफा ८ र दफा २९ बमोजिम गरिने तह/स्तर वृद्धिलाई सम्झनु पर्दछ ।

झ. "प्रदेश लोकसेवा आयोग" भन्नाले मधेश प्रदेश लोकसेवा आयोगलाई सम्झनु पर्दछ ।

ञ. "समायोजन ऐन" भन्नाले "कर्मचारी समायोजन ऐन, २०७५" सम्झनु पर्छ ।

३. सूचना प्रकाशन गर्ने (१) यो कार्यविधि बमोजिम बोदेबर्साइन नगरपालिकाको स्थानीय सेवामा कार्यरत स्थायी कर्मचारीहरुको तह/स्तर वृद्धिको लागि आवेदन पेश गर्न प्रत्येक वर्षको जेठ महिना र मंसिर महिनामा ऐनको दफा २९ को १/२ बमोजिम कम्तीमा तीस दिनको म्याद दिई दरखास्त आव्हान गरिनेछ । साथै ऐनको दफा २९ को १ बमोजिम हुने तह/स्तर वृद्धी प्रयोजनको लागि नगरपालिकाले मिति २०८१/७/ २९ गते प्रकाशित सूचना यसै कार्यविधि बमोजिम भएको मानिनेछ ।

(२) उपदफा (१) बमोजिम प्रकाशित सूचना कार्यालयको सूचना पाटी र वेवसाइटमा प्रकाशन गरिनेछ ।

४. सिफारिस समितिः (१) ऐनको दफा २९ बमोजिम नगरपालिकामा कार्यरत स्थायी कर्मचारीको तह/स्तर वृद्धि गर्न ऐनको दफा २९ को उपदफा ५ अनुसार तपसिल बमोजिमको तह/स्तर वृद्धि सिफारिस समिति रहनेछ ।

**तपसिल**

क. प्रमुख प्रशासकीय अधिकृत -संयोजक

ख. प्रमुख प्रशासकीय अधिकृतले तोकेको अधिकृत स्तरको कर्मचारी १ जना -सदस्य

ग. कर्मचारी प्रशासन शाखाको प्रमुख वा संयोजकले तोकेको अधिकृत स्तरको कर्मचारी - सदस्य-सचिव

(२) समितिको सचिवालयको काम कर्मचारी प्रशासन शाखाले गर्नेछ ।

(३) समितिको बैठक सम्बन्धी व्यवस्था समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

५. समितिको काम कर्तव्य र अधिकारः सिफारिस समितिको काम, कर्तव्य र अधिकार तपसिल बमोजिम हुनेछ ।

क. तह/स्तर वृद्धि प्रयोजनका लागि कार्यतालिका निर्धारण गर्ने ।

ख. आवेदन पेश गर्नका लागि सूचना प्रकाशित गर्ने ।

ग. पेश भएका कागजातहरुको अध्ययन तथा विश्लेषण गर्ने ।

घ. तह/स्तर वृद्धि गरिने कर्मचारीहरुको नामावली सहित तह/स्तर वृद्धि का लागि प्रमुख प्रशासकीय अधिकृतलाई सिफारिस गर्ने ।

६. आवश्यक न्यूनतम योग्यता र सेवा अवधिः यस कार्यविधि बमोजिम तह/स्तर वृद्धि हुन दरखास्त दिने कर्मचारीले आवश्यक न्यूनतम शैक्षिक योग्यता र सेवा अवधि ऐनको दफा २९ को उपदफा १ र २ बमोजिम पुरा गरेको हुनु पर्नेछ ।

७. सिफारिसः (१) सिफारिस समितिले तह/स्तर वृद्धिको जिम्मेवारी पाएको मितिले निवेदन साथ प्राप्त कागजातहरुको जाँच गरी कार्यलयलाई तह/स्तर वृद्धिको लागि सिफारिस गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम सिफारिस गर्दा कर्मचारीले तह/स्तर वृद्धि हुनु पूर्वको पदमा भएको स्थायी तथा बढुवा नियुक्ति अनुसारको सेवा अवधि र शैक्षिक योग्यतालाई आधारमानी क्रम निर्धारण गरी सिफारिस गुर्न पर्नेछ ।

(३) यस कार्यविधि बमोजिम तह/स्तर वृद्धि भएका कर्मचारीलाई अनुसूची -२ बमेजिमको ढाँचामा तह/स्तर वृद्धिको पत्र दिइनेछ ।

८. तह/स्तर वृद्धि गर्न नहुनेः यस कार्यविधिमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि देहायको अवस्थामा दफा ४ को उपदफा १ बमोजिमको सिफारिस समितिले कर्मचारीलाई तह/स्तर वृद्धिको लागि सिफारिस गर्ने छैनः-

क. निलम्बन भएकोमा निलम्बन भएको अवधिभर,

ख. तह/स्तर वृद्धि वा बढुवा रोक्का भएकोमा तह/स्तर वृद्धि वा बढुवा रोक्का भएको अवधिभर

ग. तलब वृद्धि रोक्का भएकोमा तलब वृद्धि रोक्का भएको अवधिभर

घ. असाधारण वा अध्ययन विदामा बसेकोमा सो विदाको अवधिभर

ङ. स्थानीय स्वास्थ्य सेवाको कर्मचारीको हकमा प्रचलित कानून बमोजिम गठन भएको स्वास्थ्य सम्बन्धी व्यवसायिक परिषदमा नाम दर्ता, निलम्बन भएको भए त्यस्तो निलम्बनको अवधिभर

९. तह/स्तर वृद्धि सम्बन्धि विषेश व्यवस्थाः (१) ऐनको दफा ४ को उपदफा ६ बमोजिम निजामति सेवा बाहेकका अन्य सेवाबाट स्थानीय तहमा समायोजन भई सेवा अवधि ५ वर्ष वा सो भन्दा बढी सेवा अवधी पुरा गरेको कर्मचारीलाई एक पटकको लागि एक तह/स्तर वृद्धि गरिनेछ ।

(२) ऐनको दफा ३ को उपदफा ४ बमोजिम समायोजन ऐन बमोजिम स्थानीय तहको विविध सेवाको ५औं तहमा समायोजन भएका कर्मचारीलाई तह/स्तर वृद्धि गर्दा ऐनको दफा ३ को उपदफा १(ग) बमोजिम स्थानीय प्रशासन सेवाको अधिकृत छैठों तहमा तह वृद्धि गरिनेछ ।

(३) कामकाजमा खटिएका कर्मचारी सम्बन्धी व्यवस्थाः मधेश प्रदेश बाहिर कामकाजमा खटिएका तर मधेश प्रदेश अन्तर्गत दरबन्दी भएका कर्मचारीको दरबन्दी भएको स्थानीय तहमा तह/स्तर वृद्धि हुने र एक स्थानीय तहबाट अर्को स्थानीय तहमा खटिएका कर्मचारीको हकमा दरबन्दी/पदाधिकार रहेको कार्यालयमा तह/स्तर वृद्धि गरिनेछ ।

(४) का.स.मु. सम्बन्धी विशेष व्यवस्थाः ऐनको दफा ८ को उपदफा २२ बमोजिम नियुक्त मिति देखि नै लागु हुने गरी सातौ तहमा तह मिलान भएका/हुने कर्मचारीहरुको नियुक्ति मिति देखि छैठौं तह लेखिएको का.स.मु. स्वतः नियुक्ति मिति देखि सातौ तहको का.स.मु. मा परिणत हुनेछ । साथै छैठो तहमा लिएका सेवाकालिन तालिम स्वतः सातौको मानिनेछ । यसरी सातौ तहको का.स.मु मानी आठौं तहमा तह/स्तर वृद्धि गरिनेछ ।

१०. ज्येष्ठता कायमः तह/स्तर वृद्धि हुने कर्मचारीको ऐनको दफा २८ र दफा २९ को उपदफा ४ बमोजिम ज्यष्ठता कायम हुनेछ ।

११. ऐन बमोजिम तह/स्तर वृद्धि तथा तह मिलान भएका कर्मचारीको पद यस कार्यालयको स्वीकृत दरबन्दीअनुसार रिक्त भए रिक्त भएको पदमा पदस्थापन गरिनेछ र माथिल्लो पद रिक्त नभए तह/स्तर वृद्धि वा तह मिलान भएको पद स्वतः सृजना हुनेछ। त्यसरी तह वृद्धि भएको कर्मचारी जुनसुकै कारणले सो पदमा नरहेमा त्यस्तो पद स्वतः खारेज हुनेछ।

१२. जानकारी दिनु पर्नेः यस कार्यविधि बमोजिम गरिएको तहवृद्धिको जानकारी निर्णय भएको मितिले पन्ध्र दिन भित्र मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय, प्रदेश किताबखाना र प्रदेश लोकसेवा आयोगलाई दिनु पर्नेछ।

१३. वाधा अडकाउ फुकाउने अधिकारः- यस कार्यविधिको कार्यान्वयनमा कुनै बाधा उत्पन्न भएका बाधा अडकाउ फुकाउने अधिकार प्रदेश लोकसेवा आयोगको परामर्शमा नगर कार्यपालिकामा रहनेछ।

१४. उजुरी/गुनासोः तह/स्तर वृद्धिको निर्णय उपर चित नबुझेमा सूचना प्रकाशन भएको मितिले १५ दिन भित्र प्रदेश लोकसेवा आयोगमा उजुरी/गुनासो गर्न समिनेछ।

१५. प्रचलित कानून बमोजिम हुनेः यस कार्यविधिमा उल्लेख भएको विषयमा यसै कार्यविधि बमोजिम र अन्य विषयको हकमा प्रचलित कानून बमोजिम हुनेछ।

१६. बचाउ तथा खारेजी : यस नगर कार्यपालिकाले ऐनको दफा ४(६) र ८(२२) बमोजिम भएको तह मिलान/तहवृद्धि यसै कार्यविधि बमोजिम भएको मानिनेछ।

अनुसूची १

(दफा ३ को उपदफा २ सँग सम्बन्धित)

तह/स्तर वृद्धिको लागि पेश गर्ने निवेदनको ढाँचा

# बोदेबर्साइन नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

### बोदेबर्साइन, सप्तरी

मधेश प्रदेश, नेपाल

## स्तरवृद्धि सम्बन्धी दरखास्त फारामको ढाँचा

मधेश प्रदेश सरकारद्वारा प्रकाशित स्थानीय सेवाको गठन, सञ्चालन र सेवाका शर्तहरु सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन को दफा २९ को १ वा २ बमोजिम .......................... तहमा स्तर वृद्धि हुनको निमित यो आवेदन फारम भरी पेश गरेको छु ।

१. आवेदकको नाम, थर ................................................ २. कर्मचारी संकेत नं. ..........................................३. शुरु नियुक्ति मिति .................................................. ४. हालको पद/तहको नियुक्ति मिति ........................... ५. हालको तह/पद ...............................................६. सेवा .................................................................
७. समूह .................................................................. ८. उपसमूह .......................................................९. दरबन्दी रहेको कार्यालयको नाम ...............................
१०. हाल कार्यरत कार्यालयको नाम ............................................................. ११. स्तरवृद्धि हुन दावी गरिएको तह ..................................................................

सेवाको विवरण

| सि. न. | कार्यालयको नाम (पछिल्लो तीन आ.व.) | सरुवा वा नियुक्ति मिति | हाजिर भएको मिति | हासिल गरेको उच्चतम शैक्षिक योग्यता | गयल कट्टी भएको भए ( मिति ...देखि....सम्म) | तलब वृद्धि रोक्का भएको भए (मिति .... देखि .... सम्म) | बढुवा रोक्का भएको भए ( मिति ... देखि ... सम्म) | निलम्बन भएको भए (मिति ... देखि .... सम्म) | नसिहत पाएको भए (मिति .... देखि .... सम्म) | असाधारण विदा लिएको भए ( मिति .... देखि .... सम्म) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |

पछिल्लो तीन वर्षको कार्यसम्पादन मूल्याङ्कन फाराम र कार्यरत कार्यालय

| आ.व. | कार्यालय |
|---|---|
| | |
| | |
| | |

नोटः माथिको विवरणमा उल्लिखित सबै व्यहोरा प्रमाणित गर्ने कागजात संलग्न हुनु पर्नेछ।

माथि उल्लिखित विवरणमा कुनै व्यहोरा झुठो ठहरेमा कानून बमोजिम सहंला

बुझाउँला भनी सहिछाप गर्ने

कर्मचारीको नाम, थरः-

पद :-

दस्तखतः-

दायाँ वा बाँया औलाको छाप

| दाँया | बाँया |
| --- | --- |
| | |

मिति :-

आवेदनमा निजले मेरो रोहवारमा सहिछाप गरेको हो, उक्त व्यहोरा कार्यालयमा

रहेको अभिलेख बमोजिम ठीक छ भनि सहिछाप गर्ने कार्यालय प्रमुखको

नाम, थर :-

दर्जा :-

दस्तखत :-

मिति :-

कार्यालयको छाप

## सेवा अवधि र कार्यालय सम्पादन मूल्याङ्कनको विवरण (कार्यालय प्रयोजनका लागि)

१) आवेदक कर्मचारीले समायोजन हुनु पुर्व/समायोजन पश्चात /नियुक्ति पछि गरी हालको पदसम्मको सेवा अवधि ……… वर्ष…….. महिना ……… दिन ……. ।

२) आवेदक कर्मचारीको पछिल्लो तीन वर्षको कार्यसम्पादन मुल्याङ्कन वापत प्राप्ताङ्क र सो कार्यको लागि स्वास्थ्यका आवेदक कर्मचारीको पछिल्लो दुई वर्ष का.स.मु.

३. मधेश प्रदेश, स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०८१ को दफा २९ तथा तहवृद्धि/स्तरवृद्धि कार्यविधि, २०८१ को दफा ९ बमोजिमको न्युनतम योग्यता र मापदण्ड पुरा गरेको देखिएकोले निजलाई हाल कार्यरत तहबाट सेवा …………………….. समूह/उप समुहमा एक तहवृद्धि गर्ने निर्णय गरियो ।

| | | |
|---|---|---|
| ……………………. | ……………………… | ……………………… |
| सदस्य | सदस्य | सदस्य |
| नाम/थर | नाम/थर | नाम/थर |
| पद | पद | पद |
| क.स.नं. | क.स.नं. | क.स.नं. |

अनुसूची २

(दफा ७ को उपदफा ३ सँग सम्बन्धित)

तह/स्तर वृद्धि पत्रको ढाँचा

प.स.

च.नं. मिति :-

विषयः तह/स्तर वृद्धि गरिएको सम्बन्धमा ।

महाशय,

तपाईलाई नगर कार्यपालिकाको कार्यालयको मिति / / गतेको निर्णयानुसार स्थानीय सेवा (गठन तथा सञ्चलन) ऐन, २०८१ को दफा ........................................... अनुसार मिति ........................... गते देखि ज्येष्ठता कायम हुने गरी स्थानीय सेवामा तपसिल बमोजिम तहमा तह/स्तर वृद्धि गरिएको छ ।

तह/स्तर वृद्धि हुनु भएकोमा बधाई तथा सफल कार्यकालको कामना गर्दछु ।

तपसिल

| हाल कार्यरत पद | तह/स्तर वृद्धि कायम भएको पद |
|---|---|
| पदः | पदः |
| तहः | तहः |
| सेवा/समुहः | सेवा/समुह |
| नियुक्ति मितिः | ज्येष्ठता कायम मितिः |
| कार्यरत कार्यालय | पदस्थापन गरेको कार्यालय |

श्री .................................... (क.स.नं. ..................)

ठेगानाः

प्रमुख प्रशासकीय अधिकृत

बोधार्थ

श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिंहदरवार काठमाण्डौं ।
श्री लोक सेवा आयोग, केन्द्रीय कर्यालय अनामनगर, काठमाण्डौं ।
श्री मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय, मधेश प्रदेश, जनकपुरधाम, धनुषा ।
श्री राष्ट्रिय किताबखाना (निजामती), हरिहरभवन, ललितपुर ।
श्री प्रदेश लोक सेवा आयोग, जनकपुरधाम धनुषा ।
श्री प्रदेश किताबखाना, जनकपुरधाम धनुषा ।
श्री नागरिक लगानीकोष, नयाँ बानेश्वर, काठमाण्डौं ।
श्री कर्मचारी सञ्चयकोष, ठमेल, काठमाण्डौं ।
श्री कोष तथा लेखा नियन्त्रक कार्यालय, सप्तरी ।
श्री आर्थिक प्रशासन शाखा, बोदेबर्साइन नगरपालिका, सप्तरी ।